नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०६-२९ गते विहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असोज-२९ (बिहीबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।

### पूर्वानुमान भोलि: असोज-३०(शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि प्रदेश १ को पहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाब केहि बढ्न सक्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : कार्तिक-०१ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन देशका प्रमुख तथा मझौला नदीहरू कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरू, कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायत अन्य साना नदीमा बहाव सामान्य हुने पूर्वानुमान रहेकोले आगामी ३ दिनको लागि तटिय क्षेत्रमा कुनै सतर्कता अपनाउनुपर्ने छैन ।
- यस बर्षको मनसुन केहि दिनमा बाहिरिने रहेको र बर्षा भई प्रमूख र मझौला नदीमा बाढी हुने संभावना अत्यन्त न्यून रहेकाले तटिय क्षेत्रमा गर्नुपर्ने नियमित कृयाकलापको तयारी गर्नहुन सरोकारवाला सबैलाई अनुरोध्छ छ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

**नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।**

## *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
(जारी मितिः २०७७-०६-२९ बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
बंगालको खाडीमा बनेर तेलांगना माथी रहेको शक्तिशाली निम्न चापीय क्षेत्र (Depression) कमजोर भई पश्चिम-उत्तरपश्चिम दिशामा अरब सागर तिर सर्ने क्रममा रहेको छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक बदली रही बाँकी भू-भागहरूमा मौसम सामान्यतया सफा रहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

<u>असोज २९ गते (बिहिबार)</u>
**दिउँसो :** प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**रातीः** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केहि भू-भागमा आंशिक बदली तथा देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ का एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

<u>असोज ३० गते (शुक्रबार)</u>
**दिउँसो :** प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली रहनेछ। देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ।प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**रातीः** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक देखि सामान्य बदली रहनेछ।देशका अन्य भू-भागमा आंशिक बदली रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

<u>कार्तिक ०१ गते (शनिबार)</u>

**दिउँसो :** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक देखि सामान्य बदली रहनेछ।देशका अन्य भू-भागमा आंशिक बदली रहनेछ। बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**रातीः** देशका पहाडी भू-भागहरूमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा आंशिक बदली रहनेछ। गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानहरुमा मेघ-गर्जन सहित हल्का वर्षाको सम्भावना रहेको छ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**
छैन।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।